


# ! DANGER !

## SAFE HANDLING OF PETROL

Petroleum is highly flammable, explosive and toxic. Everyone who handles petrol must read and be familiar with the following:

1) Be sure containers are secured in the vehicle when transporting.
2) Do not leave petrol containers in direct sunlight or in the boot (trunk) or inside a car.
3) Use only suitable petrol containers (usually max 10 litres if plastic and 20 litres if metal). Note some plastic containers will be dissolved by petrol. Containers should be marked with the words ‘PETROL’ and ‘HIGHLY FLAMMABLE’; hazard warning signs should be fixed where available.
4) Do not fill containers to more than 95 percent of the container to allow room for thermal expansion. Be sure your containers have secure lids.
5) Store gasoline in a locked building separate from the house or place of occupancy. Mark the building / doors with hazard signs.
6) Always store petrol in proper containers, in a well-ventilated place. Ensure the storage is away from any source of ignition (e.g. electrical equipment, heaters, cooking fires, candles, etc.). Keep it away from other combustible material.
7) In the field store well away from sleeping accommodation, fires and sparks (e.g. hammer / chisel works).
8) Ensure no naked flames in the vicinity and never smoke within 20 metres of petrol.
9) Never refuel a hot engine or an engine that is running. Let it cool off for at least 10 minutes after shutdown.
10) Never use petrol as a fire lighting or ‘fire refreshing’ medium. Petrol vapour can ‘flash back’ and ignite containers and operatives. Petrol vapours are heavier than air and can travel along the floor to ignition sources.
11) Petrol is poisonous – never drink it.
12) Do not use petrol as a means of ‘washing’ off grease or oil deposits from tools and equipment.
13) Do not mix even a small amount of petrol with kerosene or diesel. Do not use petrol in kerosene heaters or lamps.
14) Never remove the cap from a petrol tank while the engine is hot, combustible vapour can flow out and come in contact with manifolds, exhaust pipes and other hot engine parts and explode.
15) Do not use electronic equipment such as cell phones near petrol. A spark from the electronics could ignite the petrol.
16) When fuel is transferred from a container into a vehicle / machine:
    a. Decant (pour) in the open air - not inside the a building;
    b. Use a pouring spout or funnel.
    c. If clothing is splashed with fuel, change it immediately.

RAP 3

# ! खतरा !

## पेट्रोल सावधानीपूर्वक प्रयोग गर्ने

पेटोलियम पदार्थ अति **प्रज्वलनशील**, **विस्फोटक** र **विषाक्त** हुन्छ । पेट्रोल प्रयोग गर्ने हरेक व्यक्तिले तलको कुरा पढ्नै पर्दछ र जान्नुपर्दछ :

१) ढुवानी गर्दा कन्टेनरहरू सुरक्षाकासाथ राखिएको छन् भन्ने कुरा पक्का गर्नुहोस् ।

२) पेट्रोलका कन्टेनरहरूलाई सोझै घाममा अथवा बुट (सामान राख्ने ठाउँ) मा अथवा गाडीभित्र त्यसै नछोड्नुहोस् ।

३) पेट्रोलका उपयुक्त कन्टेनरहरू (सामान्यतया प्लास्टिक भएमा बढीमा १० लिटरका र धातुका भएमा २० लिटरका) मात्र प्रयोग गर्नुहोस् । प्लास्टिकका केही कन्टेनरहरू पेट्रोलले पग्लन्छन् भन्ने कुरा ख्याल गर्नुहोस् । कन्टेनरहरूमा **'पेट्रोल'** र **'अतिप्रज्वलनशील'** भन्ने शब्द लेख्नुहोस् र उपलब्ध भएका खण्डमा खतराको चेतावनी दिने चिन्हहरू टाँस्नुहोस् ।

४) तातोले फैलनका लागि ठाउँ होस् भन्नका निमित्त ९५ प्रतिशतभन्दा बढी कन्टेनरमा कहिल्यैपनि नभर्नुहोस् ।

५) पेटोलियमलाई घरभन्दा अथवा मानिसहरू बस्ने ठाउँभन्दा अलग्गै ताल्चा लगाएर बन्द गरिएको ठाउँमा भण्डारण गर्नुहोस् । भवन/ढोकाहरूमा खतराका चिन्हहरू राख्नुहोस् ।

६) पेट्रोल सधै दोहोरो हावा खेल्ने ठाउँमा, सहि कन्टेनरमा भण्डारण गर्नुहोस् । यस्तो भण्डारण आगलागी हुन सक्ने कुनै पनि स्रोत (उदाहरणका लागि, बिजुलीका उपकरण, हिटर, खाना पकाउनमा प्रयोग गरिने आगो, मैनबत्ती आदि) भन्दा टाढा छ भन्ने कुरा पक्का गर्नुहोस् । पेट्रोल अरू ज्वलनशीलन पदार्थ/वस्तु भन्दा टाढा राख्नुहोस् ।

७) फिल्डमा सुत्नका लागि प्रयोग गरिने घर, आगो अथवा झिल्का (उदाहरणका लागि, घन/छिनोभन्दा) धेरै टाडा भण्डारण गर्नुहोस् ।

८) त्यसको वरिपरि आगो (Naked Flames) छैन भन्ने कुरा पक्का गर्नुहोस् र पेट्रोल रहेको ठाउँको २० मिटरभित्र कहिल्यै पनि धूम्रपान नगर्नुहोस् ।

९) इन्जिन तातो छँदैमा अथवा इन्जिन चलिरहेको समयमा कहिल्यै पनि पेट्रोल नभर्नुहोस् । इन्जिन बन्द गरिसकेपछि कम्तीमा पनि १० मिनेट यसलाई चिसो हुन दिनुहोस् ।

१०) आगो बाल्नका लागि अथवा 'आगो सल्काउने' (Fire Refreshing) माध्यमका रूपमा कहिल्यै पनि पेट्रोल प्रयोग नगर्नुहोस् । पेट्रोलको बाफबाट आगो दन्किन सक्दछ र कन्टेनर अथवा कामदारहरूलाई पोल्न सक्दछ । पेट्रोलको बाफ हावाभन्दा गह्रुङ्गो हुन्छ र भुइँ हुँदै ज्वालाको स्रोतसम्म पुग्न सक्दछ ।

११) पेट्रोल विषाक्त हुन्छ – कहिल्यै पनि नपिउनुहोस् ।

१२) औजार र उपकरणहरूमा लागेको ग्रिज अथवा तेलको दाग 'धुने' साधनका रूपमा पेट्रोललाई प्रयोग नगर्नुहोस् ।

१३) पेट्रोलको थोरै परिमाणसमेत मट्टीतेल अथवा डिजेलमा नमिसाउनुहोस् । मट्टीतेलका हिटर अथवा टुकीहरूमा पेट्रोल प्रयोग नगर्नुहोस् ।

१४) इन्जिन तातो हुादैमा पेट्रोलको ट्याङ्कीबाट कहिल्यै पनि बिर्को नखोल्नुहोस् किनभने बल्न सक्ने बाफ बाहिर निस्कन सक्दछ,, यो मूल पाइप, निकासका पाइप र अन्य तातो इन्जिनको सम्पर्कमा आउन सक्दछ र विस्फोट हुन सक्दछ ।

१५) पेट्रोलको नजिकै मोबाइल फोनजस्ता विद्युतीय उपकरणहरूको प्रयोग नगर्नुहोस् । त्यस्ता विद्युतीय उपकरणहरूबाट निस्केको ज्वालाले पेट्रोलमा आगो लाग्न सक्दछ ।

१६) इन्धनलाई कन्टेनरबाट गाडी/मसिनमा सार्ने समयमा :

क. खुला हावामा खन्याउनुहोस् – घरभित्र **होइन** ।

ख. खन्याउनका लागि धारो अथवा सोली प्रयोग गर्नुहोस् ।

ग. यदि लुगामा इन्धन परेका खण्डमा तुरुन्तै लुगा बदल्नुहोस् ।

******